श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४० सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### संवैधानिक अङ्ग तथा अन्य निकायका पदाधिकारीहरू सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः संवैधानिक अङ्ग तथा अन्य निकायका पदाधिकारीहरू सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "संवैधानिक अङ्ग तथा अन्य निकायका पदाधिकारीहरू सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय पञ्चायत अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ मा संशोधनः राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ को,–

४८०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) "सदस्य" भन्नाले राष्ट्रिय पञ्चायतका सदस्य सम्झनुपर्छ र सो शब्दले समितिका सभापति र उपसभापतिलाई समेत जनाउँछ।"

(२) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः–

"३. पारिश्रमिकः (१) अध्यक्षलाई प्रतिमास तीन हजार चार सय रूपैयाँ र उपाध्यक्षलाई प्रतिमास दुई हजार नौ सय रूपैयाँ पारिश्रमिक दिइनेछ।"

(२) अध्यक्ष र उपाध्यक्षको पदावधि समाप्त भएमा वा राजीनामा स्वीकृत भएमा वा विघटित भएमा वा मृत्यु भएमा निजहरूलाई एक महीनाको पारिश्रमिक थप सुविधाको रूपमा दिइनेछ।"

(३) दफा ४ मा रहेको "नौ सय पचास रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक हजार तीन सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ५ को उपदफा (५) र (६) को सट्टा देहायका उपदफा (५) र (६) राखिएका छन्ः–

"(५) आफ्नो स्थायी निवासस्थानबाट राष्ट्रिय पञ्चायत वा कुनै समितिको कुनै बैठकमा भाग लिन आउँदा वा भाग लिएर फर्कंदा सदस्यलाई दफा १२ को उपदफा (१) को खण्ड (ख) बमोजिम पाउने भ्रमण भत्ताको दोब्बर भ्रमण भत्ता दिइनेछ।

तर उक्त खण्ड (ख) को उपखण्ड (२) बमोजिमको खर्च दोब्बर दिइनेछैन।

(६) राष्ट्रिय पञ्चायतको एउटा अधिवेशन समाप्त भई अर्को अधिवेशन नहुन्जेलसम्मको बीचको अवधिमा कुनै सदस्यले वस्तुस्थितिको अध्ययन गर्ने सिलसिलामा नेपाल अधिराज्यभित्र भ्रमण गरेमा वर्षमा एक पटक पन्ध्र सय रूपैयाँ सो सदस्यलाई एकमुष्ट दिइनेछ।"

(५) दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६. आवास सुविधाः (१) अध्यक्ष र उपाध्यक्षलाई आवासको निमित्त श्री ५ को सरकारबाट सरकारी घरको बन्दोबस्त हुनेछ। त्यस्तो बन्दोबस्त नभएकोमा काठमाडौं उपत्यकामा आफ्नो उपयुक्त घर नहुने अध्यक्ष र उपाध्यक्षलाई घर भाडा बापत प्रतिमास निजको मासिक पारिश्रमिकको आधा रकमसम्म दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अध्यक्ष र उपाध्यक्षलाई घर र कम्पाउण्डको मरम्मत र सर-सफाइ खर्च बापत प्रत्येक वर्ष निजको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ । यो सुविधा भाडाको घरमा बसे पनि दिइनेछ ।

(३) यस दफा बमोजिमको सुविधा अध्यक्ष र उपाध्यक्षलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।

(४) सदस्यलाई आवासको निमित्त घर भाडा बापत प्रतिमास एक हजार रूपैयाँ दिइनेछ ।"

(६) दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

"१०. सवारी तथा इन्धन सुविधाः (१) अध्यक्षलाई सवारीको निमित्त मोटर एक, मासिक चार सय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल र उपाध्यक्षलाई सवारीको निमित्त मोटर एक मासिक दुई सय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ ।

(२) पेट्रोल र मोबिलको बील भौचर बुझाउनु पर्नेछैन ।

(३) यस दफा बमोजिमको सुविधा अध्यक्ष र उपाध्यक्षलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।

(४) सभापतिलाई सवारीको निमित्त मोटर एक र मासिक एक सय बीस लिटर पेट्रोल उपलब्ध गराइनेछ ।

तर यस्तो सुविधा समितिको बैठक बस्ने सात दिनअघिदेखि बैठक समाप्त भएको सात दिनपछि सम्म मात्र पाउनेछ ।

(५) मोटरको मरम्मत र मोटरलाई चाहिने ग्रीजको बन्दोबस्त केन्द्रीय सेवा विभागबाट हुनेछ ।

(६) निर्देशक समितिको प्रत्येक सदस्यलाई निर्देशक समितिको बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त सवारी सुविधा बापत पन्ध्र रूपैयाँ भत्ता दिइनेछ ।

तर त्यस्ता सदस्यले सवारी सुविधा वा सो बापत कुनै भत्ता पाइरहेको भए यस उपदफा बमोजिमको भत्ता पाउनेछैन ।"

(७) दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः–

"११. बिजुली, धारा र टेलिफोन सुविधाः (१) अध्यक्ष र उपाध्यक्षको आवासमा जडान गरिएको बिजुली, धारा र टेलिफोनको महसूल श्री ५ को सरकारले व्यहोर्नेछ ।

४८६६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सदस्यलाई श्री ५ को सरकारको स्वामित्वमा रहने गरी टेलिफोन एक जडान गरी मासिक न्यूनतम अनिवार्य शुल्कका सुविधा दिइनेछ । सदस्यले टेलिफोन निजी गराउन पाउनेछैन ।"

(८) दफा ११ पछि देहायका दफा १२, १३, १४, १५, १६, १७, १८ र १९ थपिएका छन् :-

"१२. दैनिक तथा भ्रमण भत्ताः (१) अध्यक्ष, उपाध्यक्ष र सदस्यलाई राष्ट्रिय पञ्चायतको काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः-

(क) दैनिक भत्ताः आफ्नो एक दिनको पारिश्रमिक बराबरको रकम ।

(ख) भ्रमण भत्ताः

(१) पैदल भ्रमण गर्दा अध्यक्षलाई प्रतिकोस बीस रूपैयाँ र उपाध्यक्ष र सदस्यलाई प्रतिकोस दश रूपैयाँ । यो दर प्रत्येक आर्थिक वर्षमा दश प्रतिशतका दरले वृद्धि हुनेछ ।

(२) मोटरबाट भ्रमण गर्दा बील बमोजिमको पेट्रोल खर्च ।

(३) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने एयर कण्डिशन भएको ठाउँमा एयर कण्डिशनको र सो नभएकोमा पहिलो दर्जाको टिकट खर्च र वर्थ रिजर्भ गरेमा सो रिजर्भ गरेको खर्च ।

(४) हवाईजहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने टिकट खर्च ।

(५) अन्य सवारी साधनबाट भ्रमण गर्दा त्यस सम्बन्धमा लाग्ने टिकट खर्च र ज्याला ।

(२) अध्यक्ष, उपाध्यक्ष र सदस्यलाई राष्ट्रिय पञ्चायतको काममा वा श्री५को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्यबाहिर भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः-

(क) दैनिक भत्ताः आफ्नो मासिक पारिश्रमिकको पचास प्रतिशत रकम बराबरको विदेशी मुद्रा ।

तर त्यसरी पाउने दैनिक भत्ता एक सय अमेरिकी डलर भन्दा घटी हुने भएमा एक सय अमेरिकी डलर दैनिक भत्ता पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) भ्रमण भत्ताः

(१) मोटरबाट भ्रमण गर्दा बील बमोजिमको मोटरभाडा ।

(२) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने एयर कण्डिशन भएको ठाउँमा एयर कण्डिशनको र सो नभएको ठाउँमा पहिलो दर्जाको टिकट खर्च ।

(३) हवाईजहाजबाट भ्रमण गर्दा नियमित सेवा (सेड्युल्ड फ्लाईट) मा अध्यक्षलाई एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च र उपाध्यक्षलाई र सदस्यलाई एकजनालाई लाग्ने इकोनोमी दर्जाको टिकट खर्च ।

(४) जलमार्गबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बील बमोजिमको खर्च ।

(३) अध्यक्ष, उपाध्यक्ष र सदस्यले नेपाल अधिराज्यबाहिर औपचारिक रूपमा विदेशी राष्ट्रको अतिथिको रूपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा रहन्जेलसम्म उपदफा (२) को खण्ड (क) बमोजिम पाउने दैनिक भत्ताको आधाका दरले मात्र दैनिक भत्ता पाउनेछ ।

१३. विदेशी मुद्रा सटही र भन्सार सुविधाः (१) अध्यक्ष, उपाध्यक्ष र सदस्यलाई एक आर्थिक वर्षमा आफ्नो वार्षिक पारिश्रमिकको एक-तिहाई रकम बराबरको विदेशी मुद्रा सटही सुविधा दिइनेछ ।

(२) अध्यक्ष, उपाध्यक्ष र सदस्यलाई एक आर्थिक वर्षमा आफ्नो वार्षिक पारिश्रमिक रकमको पच्चीस प्रतिशत बराबर मूल्यको सामानमा भन्सार छुट दिइनेछ ।

(३) यस दफा बमोजिमको सुविधा अध्यक्षलाई विदेश भ्रमण गरेमा वा नगरेमा पनि र उपाध्यक्ष र सदस्यलाई विदेश भ्रमण गरेमा मात्र दिइनेछ ।

१४. लुगा भत्ताः (१) अध्यक्ष र उपाध्यक्षले राष्ट्रिय पञ्चायतको काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्यबाहिर जाँदा तीन वर्षमा एक पटक आफ्नो एक महीनाको पारिश्रमिक बराबरको रकम लुगा भत्ता बापत पाउनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल अधिराज्यबाहिर जाँदा अध्यक्ष र उपाध्यक्षले आफ्नो श्रीमती समेत साथमा लैजान स्वीकृति पाएमा श्रीमतीको लागि आफ्नो एक महीनाको पारिश्रमिकको आधा रकम तीन वर्षमा एक पटक लुगा भत्ता बापत पाउनेछ ।

४८८०१४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सदस्यले राष्ट्रिय पञ्चायतको काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्यबाहिर जाँदा तीन वर्षमा एक पटक आफ्नो एक महीनाको पारिश्रमिक बराबरको रकम वा दुई हजार पाँच सय रूपैयाँमध्ये जुन बढी हुन्छ सो रकम लुगा भत्ता बापत पाउनेछ ।

१५. नेता भत्ताः अध्यक्ष, उपाध्यक्ष र सदस्यले नेताको रूपमा विदेशमा जाँदा आफूले पाउने दैनिक भत्ताको पचास प्रतिशत थप नेता भत्ता बापत पाउनेछ ।

१६. निजी सचिवालय र कर्मचारीको व्यवस्थाः (१) अध्यक्षले आफ्नो कार्यकालभरको निमित्त निजी सचिवालयको लागि देहायका कर्मचारी-हरू नियुक्ति गर्न पाउनेछः–

(क) स्वकीय सचिव (रा. प. द्वितीय) – १
(ख) टाइपिस्ट – १
(ग) ड्राइभर (रा. प. अ. द्वितीय) – २
(घ) पिउन – २

(२) उपाध्यक्षले आफ्नो कार्यकालभरको निमित्त निजी सचिवालयको लागि देहायका कर्मचारीहरू नियुक्ति गर्न पाउनेछः–

(क) स्वकीय सचिव (रा. प. द्वितीय) – १
(ख) टाइपिस्ट – १
(ग) ड्राइभर (रा. प. अ. तृतीय) – २
(घ) पिउन – १

(३) अध्यक्षलाई निजको कार्यकालभरको निमित्त निजी सचिवालयको लागि आवश्यक फर्निचर र देहायका मालसामान उपलब्ध गराइनेछः–

(क) देवनागरिक टाइप-राइटर – १ थान
(ख) अंग्रेजी टाइप-राइटर – १ थान
(ग) साइकल – २ थान

(४) उपाध्यक्षलाई निजको कार्यकालभरको निमित्त निजी सचिवालयको लागि आवश्यक फर्निचर र देहायका मालसामान उपलब्ध गराइनेछः–

(क) देवनागरिक टाइप-राइटर – १ थान
(ख) अंग्रेजी टाइप-राइटर – १ थान
(ग) साइकल – १ थान

(५) निजी सचिवालयको लागि मसलन्द तथा अतिथिसत्कारको निमित्त अध्यक्षलाई प्रतिमास एक हजार नौ सय रूपैयाँ र उपाध्यक्षलाई प्रतिमास एक हजार तीन सय रूपैयाँ दिइनेछ ।

(६) उपदफा (३) र (४) बमोजिम पाएका सामानहरू अध्यक्ष तथा उपाध्यक्षले आफ्नो कार्यकाल समाप्त भएपछि फिर्ता बुझाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. अङ्गरक्षक र गार्डको व्यवस्थाः (१) अध्यक्षको अङ्गरक्षकको निमित्त पदिक–१ र गार्डको निमित्त बिल्लादार–१ र जवान १० को व्यवस्था श्री ५ को सरकारले गर्नेछ ।

(२) उपाध्यक्षको अङ्गरक्षकको निमित्त प्रहरी सहायक निरीक्षक–१ र गार्डको निमित्त हेड कन्स्टेबल –१ र कन्स्टेबल –४ को व्यवस्था श्री ५ को सरकारले गर्नेछ ।

१८. चिकित्सकको सुविधाः अध्यक्ष, उपाध्यक्ष र सदस्यलाई उपचारको निमित्त चिकित्सकको निःशुल्क सेवा राष्ट्रिय पञ्चायत सचिवालयमा उपलब्ध गराइनेछ ।

१९. भत्ता र अन्य सुविधाः (१) समितिका सभापतिलाई प्रतिमास पाँच सय रूपैयाँ र उप-सभापतिलाई प्रतिमास दुई सय पचास रूपैयाँ भत्ता दिइनेछ ।

(२) सभापतिको पदावधि समाप्त भएमा वा राजीनामा स्वीकृत भएमा वा विघटित भएमा वा मृत्यु भएमा निजलाई एक महीनाको पारिश्रमिक थप सुविधाको रूपमा दिइनेछ ।"

३. सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ मा संशोधनः सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को,–

(१) दफा ३ को,–

(क) उपदफा (१) मा रहेको "तीन हजार एक सय रूपैयाँ" तथा "दुई हजार दुई सय चालीस रूपैयाँ" भन्ने शब्दहरूको सट्टा क्रमशः "तीन हजार पाँच सय रूपैयाँ" तथा "दुई हजार चार सय चालीस रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेको "श्री ५ को सरकारबाट" भन्ने शब्दहरूको सट्टा "संवैधानिक पदमा वा श्री ५ को सरकारको सेवा गरे बापत" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) प्रधान न्यायाधीश र न्यायाधीशको पदावधि समाप्त भएमा वा राजीनामा स्वीकृत भएमा वा मृत्यु भएमा निजहरूलाई एक महीनाको पारिश्रमिक थप सुविधाको रूपमा दिइनेछ ।"

(२) दफा ३ क. पछि देहायको दफा ३ ख. थपिएको छः–

"३ख. सञ्चयकोषः प्रधान न्यायाधीश र न्यायाधीशको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चयकोष कट्टा गरी सो कट्टी रकममा श्री ५ को सरकारले शतप्रतिशत थप गरी सञ्चयकोषमा जम्मा गरिदिनेछ ।"

४८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. आवास सुविधाः (१) प्रधान न्यायाधीश र न्यायाधीशलाई आवासको निमित्त श्री ५ को सरकारबाट सरकारी घरको बन्दोबस्त हुनेछ । त्यस्तो बन्दोबस्त नभएकोमा काठमाडौं उपत्यकामा आफ्नो उपयुक्त घर नहुने प्रधान न्यायाधीश र न्यायाधीशलाई घर भाडा बापत प्रतिमास निजको मासिक पारिश्रमिकको आधा रकमसम्म दिइनेछ ।

(२) प्रधान न्यायाधीश र न्यायाधीशलाई घर र कम्पाउण्डको मरम्मत र सरसफाइ खर्च बापत प्रत्येक वर्ष निजको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ । यो सुविधा भाडाको घरमा बसे पनि दिइनेछ ।

(३) यस दफा बमोजिमको सुविधा प्रधान न्यायाधीश र न्यायाधीशलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।"

(४) दफा ४ पछि देहायका दफा ४क. र ४ख. थपिएका छन्ः–

"४क. बिजुली, धारा र टेलिफोन सुविधाः (१) प्रधान न्यायाधीशको आवासमा जडान गरिएको बिजुली, धारा र टेलिफोनको महसूल श्री ५ को सरकारले व्यहोर्नेछ ।

(२) न्यायाधीशलाई आवासमा एक सेट टेलिफोन राख्न जडान खर्च र धरौटी बापत लाग्ने न्यूनतम रकमको सुविधा दिइनेछ । टेलिफोनको मासिक न्यूनतम अनिवार्य शुल्क श्री ५ को सरकारले व्यहोर्नेछ ।

४ख. सवारी तथा इन्धन सुविधाः (१) प्रधान न्यायाधीशलाई सवारीको निमित्त मोटर एक, मासिक दुई सय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ ।

(२) पेट्रोल र मोबिलको बील भौचर बुझाउनु पर्नेछैन ।

(३) न्यायाधीशलाई सामूहिक रूपबाट अदालत आउन जानको लागि मोटरको व्यवस्था हुनेछ ।

(४) मोटरको मरम्मत र मोटरलाई चाहिने ग्रिजको बन्दोबस्त केन्द्रीय सेवा विभागबाट हुनेछ ।

(५) यस दफा बमोजिमको सुविधा प्रधान न्यायाधीशलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"५. दैनिक तथा भ्रमण भत्ताः (१) प्रधान न्यायाधीश र न्यायाधीशलाई आफ्नो ओहदा सम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः–

(क) दैनिक भत्ताः आफ्नो एक दिनको पारिश्रमिक बराबरको रकम ।

(ख) भ्रमण भत्ताः (१) पैदल भ्रमण गर्दा प्रधान न्यायाधीशलाई प्रतिकोस बीस रूपैयाँ र न्यायाधीशलाई प्रतिकोस दश रूपैयाँ । यो दर प्रत्येक आर्थिक वर्षमा दश प्रतिशतका दरले वृद्धि हुनेछ ।

(२) मोटरबाट भ्रमण गर्दा प्रधान न्यायाधीशलाई बील बमोजिमको पेट्रोल खर्च र बसबाट भ्रमण गर्दा न्यायाधीशलाई एकजनालाई लाग्ने भाडा ।

(३) रेलबाट भ्रमण गर्दा प्रधान न्यायाधीशलाई एकजनालाई लाग्ने एयर कण्डिशन भएको ठाउँमा एयर कण्डिशनको र सो नभएको ठाउँमा पहिलो दर्जाको टिकट खर्च र वर्थ रिजर्भ गरेमा सो रिजर्भ गरेको खर्च समेत र न्यायाधीशलाई एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(४) हवाईजहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने टिकट खर्च ।

(५) अन्य सवारी साधनबाट भ्रमण गर्दा त्यस सम्बन्धमा लाग्ने टिकट खर्च तथा ज्याला ।

(२) प्रधान न्यायाधीश र न्यायाधीशलाई आफ्नो ओहदा सम्बन्धी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्यबाहिर भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः–

(क) दैनिक भत्ता : आफ्नो मासिक पारिश्रमिकको पचास प्रतिशत रकम बराबरको विदेशी मुद्रा ।

तर त्यसरी पाउने दैनिक भत्ता एक सय अमेरिकी डलर भन्दा घटी हुने भएमा एक सय अमेरिकी डलर दैनिक भत्ता पाउनेछ ।

४८२-४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) भ्रमण भत्ता : (१) मोटरबाट भ्रमण गर्दा बील बमोजिमको मोटर भाडा ।

(२) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने एयर कण्डिशन भएको ठाउँमा एयर कण्डिशनको र सो नभएको ठाउँमा पहिलो दर्जाको टिकट खर्च ।

(३) हवाईजहाजबाट भ्रमण गर्दा नियमित सेवा (सेड्युल्ड फ्लाईट) मा प्रधान न्यायाधीशलाई एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च र न्यायाधीशलाई एकजनालाई लाग्ने इकोनोमी दर्जाको टिकट खर्च ।

(४) जलमार्गबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बील बमोजिमको खर्च ।

(३) प्रधान न्यायाधीशले र न्यायाधीशले नेपाल अधिराज्य-बाहिर औपचारिक रूपमा विदेशी राष्ट्रको अतिथिको रूपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा नहुन्जेलसम्म उपदफा (२) को खण्ड (क) बमोजिम पाउने दैनिक भत्ताको आधाका दरले मात्र दैनिक भत्ता पाउनेछ ।"

(६) दफा ५ पछि देहायका दफा ५क, ५ख, ५ग, ५घ, ५ङ, र ५च. थपिएका छन्:–

"५क. बीमा खर्च : प्रधान न्यायाधीश र न्यायाधीशले हवाईजहाजबाट भ्रमण गर्दा दुई लाख रूपैयाँको बीमा खर्च पाउनेछ ।

५ख. विदेशी मुद्रा सटही र भन्सार सुविधा : (१) प्रधान न्यायाधीश र न्यायाधीशलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिकको एक-तिहाई रकम बराबरको विदेशी मुद्रा सटही सुविधा दिइनेछ ।

(२) प्रधान न्यायाधीश र न्यायाधीशलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको पच्चीस प्रतिशत बराबर मूल्यको सामानमा भन्सार छूट दिइनेछ ।

(३) यस दफा बमोजिमको सुविधा प्रधान न्यायाधीशलाई विदेश भ्रमण गरेमा वा नगरेमा पनि र न्यायाधीशलाई विदेश भ्रमण गरेमा मात्र दिइनेछ ।

५ग. लुगा भत्ता : (१) प्रधान न्यायाधीश र न्यायाधीशले आफ्नो ओहदा सम्बन्धी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) दफा ६ को,–

(क) उपदफा (१) को खण्ड (क) मा रहेको "प्रधान न्यायाधीशले आठ सय पचास रूपैयाँ र न्यायाधीशले आठ सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "प्रधान न्यायाधीश र न्यायाधीशले आफ्नो मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) को शुरूमा "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(ग) उपदफा (२) को खण्ड (क) मा रहेको "सेवाअवधिमा निजले" भन्ने शब्दहरूपछि "संवैधानिक पदमा गरेको सेवाअवधि र" भन्ने शब्दहरू थपिएका छन् र "प्रधान न्यायाधीशले आठ सय पचास रूपैयाँ र न्यायाधीशले आठ सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "प्रधान न्यायाधीश र न्यायाधीशले आफ्नो मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(घ) उपदफा (२) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "अघि" भन्ने शब्दपछि "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(ङ) उपदफा (३) को पहिलो र चौथो हरफमा रहेको "श्री ५ को सरकारको" भन्ने शब्दहरूको अगाडि "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(च) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः–

"(४) यस दफा बमोजिम प्रधान न्यायाधीश वा न्यायाधीशले पाउने उपदानको रकम निजको बाह्र महीनाको पारिश्रमिक भन्दा बढी हुनेछैन ।"

(छ) उपदफा (६) मा रहेको "श्री ५ को सरकारबाट" भन्ने शब्दहरूको सट्टा "संवैधानिक पदमा वा श्री ५ को सरकारको सेवा गरे बापत" भन्ने शब्दहरू राखिएका छन् ।

(८) दफा ७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) प्रधान न्यायाधीश वा न्यायाधीश पदमा बहाल छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको विधवा पत्नीले उपदफा (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पतिले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतीत भइसकेपछि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजको पतिको मृत्यु भएकोमा मृत्यु भएको मितिदेखि दश वर्ष-सम्म निजको पतिले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।"

(९) दफा ८ को,–

(१) उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क १) थपिएको छः–

"(क १) पर्व बिदा"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) प्रधान न्यायाधीश वा न्यायाधीशले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहितको छ दिन भैपरी आउने बिदा र तीन दिन पर्व बिदा लिन पाउनेछ ।"

(३) उपदफा (३) मा रहेको "एक सय बीस दिन" भन्ने शब्दहरूको सट्टा "एक सय पचास दिन" भन्ने शब्दहरू राखिएका छन् र "भैपरी आउने बिदा" भन्ने शब्दहरूपछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

(४) उपदफा (७) को शुरूमा "संवैधानिक पदमा वा" भन्ने शब्दहरू र सोही उपदफामा रहेको "सो" भन्ने शब्दपछि "पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(५) उपदफा (८) मा रहेको "भैपरी आउने बिदा' भन्ने शब्दहरूपछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

(१०) दफा ८क. को,–

(क) उपदफा (१) को,–

(१) दोस्रो हरफमा रहेको "देहायको खर्चको नब्बे प्रतिशत" भन्ने शब्दहरूको सट्टा "देहायको खर्च" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (क) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसीस) उल्लेख भएको हुनुपर्नेछ ।"

(३) खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर चिकित्सकको प्रेस्क्रिप्शन रोगको निदान (डाइग्नोसीस) उल्लेख भएको हुनुपर्नेछ ।"

(ख) उपदफा (२) मा रहेको "नौ महीनाको" भन्ने शब्दहरूको सट्टा "बाह्र महीनाको" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ग) उपदफा (४) मा रहेको "औषधी उपचार गराए बापत" भन्ने शब्दहरू झिकिएका छन् ।

(घ) उपदफा (६) मा रहेको "न्यायाधीश वा प्रधान न्यायाधीशको पदमा गरी जम्मा पाँच वर्षको सेवाअवधि पूरा गरिसकेको" भन्ने वाक्यांश झिकिएको छ र "बील बमोजिम भएको उपचार खर्चको" भन्ने शब्दहरूपछि "नब्बे प्रतिशत" भन्ने शब्दहरू थपिएका छन् ।

(ङ) उपदफा (६) पछि देहायको उपदफा (६क) र (६ख) थपिएका छन्:–

"(६क) प्रधान न्यायाधीश वा न्यायाधीशको सगोलको पति वा पत्नी, आमा बाबु वा नाबालक छोरा छोरी बिरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै अस्पताल भर्ना भई शल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम लागेको औषधी उपचारको खर्चको नब्बे प्रतिशत रकम उपदफा (२) बमोजिम प्रधान न्यायाधीश वा न्यायाधीशले पाउने रकममध्येबाट पाउनेछ ।

(६ख) उपदफा (६) र (६क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रधान न्यायाधीश वा न्यायाधीशको सगोलको पति वा पत्नी, आमा वा बाबु कुनै संवैधानिक पदमा वा सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थानको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउनेछैन ।"

(च) उपदफा (७) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

"तर, निवृत्तभरण पाउने गरी सेवाबाट अवकाश पाएका प्रधान न्यायाधीश वा न्यायाधीशले त्यस्तो बाँकी भएजति पूरै रकम त्यसरी सेवाबाट अलग हुँदा एकमुष्ट लिन पाउनेछ ।"

(छ) उपदफा (७) पछि देहायको उपदफा (८), (९) र (१०) थपिएका छन्:–

"(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संवैधानिक पदमा वा सरकारी सेवा गरे बापत उपचार खर्च लिइसकेको प्रधान न्यायाधीश वा न्यायाधीशले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) यस दफा बमोजिम उपचार खर्च माग गर्न प्रधान न्यायाधीश वा न्यायाधीशले अदालतमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नुपर्नेछ । बिरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा माग गर्न सक्नेछ ।

(१०) यस दफा बमोजिम प्रधान न्यायाधीश वा न्यायाधीशले पाएको उपचार खर्चको विवरण प्रधान न्यायाधीश वा न्यायाधीशको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नु पर्नेछ ।"

(११) दफा १० क. को,–

(क) उपदफा (१) मा रहेको "भैपरी आउने बिदा" भन्ने शब्दहरू पछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

(ख) उपदफा (२) मा रहेको "घर बिदा" भन्ने शब्दहरूपछि "बाट बढीमा एक सय बीस दिनसम्मको" भन्ने शब्दहरू थपिएका छन् ।

४. <u>महालेखा परीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३ मा संशोधनः</u> महालेखा परीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३ को,–

(१) दफा २ को सट्टा देहायको दफा २ राखिएको छः–

"२. <u>पारिश्रमिकः</u> (१) महालेखा परीक्षकलाई प्रतिमास दुई हजार पाँच सय रूपैयाँ पारिश्रमिक दिइनेछ ।

(२) संवैधानिक पदमा वा श्री ५ को सरकारको सेवा गरे बापत कुनै किसिमको भत्ता वा निवृत्तभरण पाइराखेको कुनै व्यक्ति महालेखा परीक्षक नियुक्त भएमा निज सो पदमा बहाल रहेसम्म त्यस्तो भत्ता वा निवृत्तभरण पाउनेछैन ।

(३) महालेखा परीक्षकको पदावधि समाप्त भएमा वा राजीनामा स्वीकृत भएमा वा मृत्यु भएमा निजलाई एक महीनाको पारिश्रमिक थप सुविधाको रूपमा दिइनेछ ।"

(२) दफा २ क. को सट्टा देहायको दफा २ क. राखिएको छः–

"२क. <u>संचयकोषः</u> महालेखा परीक्षकको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले संचयकोष कट्टा गरी सो कट्टी रकममा श्री ५ को सरकारले शतप्रतिशत थप गरी संचयकोषमा जम्मा गरिदिनेछ ।"

(३) दफा २ क. पछि देहायको दफा २ ख, २ ग, र २ घ थपिएका छन् :–

"२ख. <u>आवास सुविधाः</u> (१) महालेखा परीक्षकलाई आवासको निमित्त

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारबाट सरकारी घरको बन्दोबस्त हुनेछ । त्यस्तो बन्दोबस्त नभएकोमा काठमाडौं उपत्यकामा आफ्नो उपयुक्त घर नहुने महालेखा परीक्षकलाई घर भाडा बापत प्रतिमास निजको मासिक पारिश्रमिकको आधा रकमसम्म दिइनेछ ।

(२) महालेखा परीक्षकलाई घर र कम्पाउण्डको मरम्मत र सरसफाइ खर्च गर्न बापत प्रत्येक वर्ष निजको मासिक पारिश्रमिक-को आधा रकम दिइनेछ । यो सुविधा भाडाको घरमा बसेपनि दिइनेछ ।

(३) यस दफा बमोजिमको सुविधा महालेखा परीक्षकलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।

२ग. टेलिफोन सुविधाः महालेखा परीक्षकलाई श्री ५ को सरकारको स्वामित्वमा रहने गरी टेलिफोन एक जडान गरी मासिक न्यूनतम अनिवार्य शुल्कको सुविधा दिइनेछ ।

२घ. सवारी तथा इन्धन सुविधाः (१) महालेखा परीक्षकलाई सवारीको निमित्त ड्राइभर सहितको मोटर एक, मासिक एक सय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ ।

(२) मोटरको मरम्मत र मोटरलाई चाहिने ग्रीजको बन्दोबस्त केन्द्रीय सेवा विभागबाट हुनेछ ।"

(४) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः–

"३. दैनिक तथा भ्रमण भत्ताः (१) महालेखा परीक्षकलाई आफ्नो ओहदा सम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः–

(क) दैनिक भत्ताः आफ्नो एक दिनको पारिश्रमिक बराबरको रकम ।

(ख) भ्रमण भत्ताः

(१) पैदल भ्रमण गर्दा प्रतिकोस पन्ध्र रूपैयाँ । यो दर प्रत्येक आर्थिक वर्षमा दश प्रतिशतका दरले वृद्धि हुनेछ ।

(२) बसबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा ।

(३) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) हवाईजहाजबाट भ्रमण गर्दा एक जनालाई लाग्ने टिकट खर्च ।

(५) अन्य सवारी साधनबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा ।

(२) महालेखा परीक्षकलाई आफ्नो ओहदा सम्बन्धी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्यबाहिर भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः–

(क) दैनिक भत्ताः आफ्नो मासिक पारिश्रमिकको पचास प्रतिशत रकम बराबरको विदेशी मुद्रा ।

तर त्यसरी पाउने दैनिक भत्ता एक सय अमेरिकी डलर भन्दा घटी हुने भएमा एक सय अमेरिकी डलर दैनिक भत्ता पाउनेछ ।

(ख) भ्रमण भत्ताः–

(१) मोटरबाट भ्रमण गर्दा बील बमोजिमको मोटर भाडा ।

(२) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(३) हवाईजहाजबाट भ्रमण गर्दा नियमित सेवामा एकजनालाई लाग्ने इकोनोमी दर्जाको टिकट खर्च ।

(४) जलमार्गबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बील बमोजिमको खर्च ।

(३) महालेखा परीक्षकले नेपाल अधिराज्यबाहिर औपचारिक रूपमा विदेशी राष्ट्रको अतिथिको रूपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा रहुन्जेलसम्म उपदफा (२) को खण्ड (क) बमोजिम पाउने दैनिक भत्ताको आधाका दरले मात्र दैनिक भत्ता पाउनेछ ।"

(५) दफा ३ पछि देहायको दफा ३ क, ३ ख, ३ ग, ३ घ, र ३ ङ थपिएका छन्:–

"३क. बीमा खर्चः महालेखा परीक्षकले हवाईजहाजबाट भ्रमण गर्दा दुई लाख रूपैयाँको बीमा खर्च पाउनेछ ।

३ख. विदेशी मुद्रा सटही र भन्सार सुविधाः (१) महालेखा परीक्षकलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको एक-तिहाई रकम बराबरको विदेशी मुद्रा सटही सुविधा दिइनेछ ।

(२) महालेखा परीक्षकलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको पच्चीस प्रतिशत बराबर मूल्यको सामानमा भन्सार छूट दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस दफा बमोजिमको सुविधा महालेखा परीक्षकलाई विदेश भ्रमण गरेमा मात्र दिइनेछ ।

३ग. लुगा भत्ताः (१) महालेखा परीक्षकले आफ्नो ओहदा सम्बन्धी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्यबाहिर जाँदा तीन वर्षमा एक पटक आफ्नो एक महीनाको पारिश्रमिक बराबरको रकम लुगा भत्ता बापत पाउनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल अधिराज्यबाहिर जाँदा महालेखा परीक्षकले आफ्नो श्रीमती समेत साथमा लैजाने स्वीकृति पाएमा श्रीमतीको लागि आफ्नो एक महीनाको पारिश्रमिकको आधा रकम तीन वर्षमा एक पटक लुगा भत्ता बापत पाउनेछ ।

३घ. नेता भत्ताः महालेखा परीक्षकले नेताको रूपमा विदेशमा जाँदा आफूले पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत थप नेता भत्ता बापत पाउनेछ ।

तर, श्री ५ को सरकारले तोकेको अवस्थामा बाहेक एक सदस्यीय प्रतिनिधिमण्डल जाँदा नेता भत्ता दिइनेछैन ।

३ङ. भैपरी आउने खर्चः महालेखा परीक्षकले अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन जाँदा श्री ५ को सरकारले निर्णय गरे बमोजिमको रकम भैपरी आउने खर्च बापत पाउनेछ ।

तर, त्यस्तो खर्चको बील भरपाई बुझाउनुपर्नेछ ।"

(६) दफा ४ को,–

(क) उपदफा (१) को खण्ड (क)मा रहेको "आठ सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "आफ्नो मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) को शुरूमा "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(ग) उपदफा (२) को खण्ड (क) मा रहेको "काम गरेको अवधिमा" भन्ने शब्दहरूपछि "संवैधानिक पदमा गरेको सेवाअवधि र" भन्ने शब्दहरू थपिएका छन् र "आठ सय रूपैयाँको दरले" भन्ने शब्दहरूको सट्टा "आफ्नो मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) उपदफा (२) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "अघि" भन्ने शब्दपछि "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन्।

(ङ) उपदफा (३) को पहिलो र तेस्रो हरफमा रहेको "श्री ५ को सरकार" भन्ने शब्दहरूको अगाडि "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन्।

(च) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः–

"(४) यसदफा बमोजिम महालेखा परीक्षकले पाउने उपदानको रकम निजको बाह्र महीनाको पारिश्रमिक भन्दा बढी हुनेछैन।"

(छ) उपदफा (५) मा रहेको "श्री ५ को सरकारबाट" भन्ने शब्दहरूको सट्टा "संवैधानिक पदमा वा श्री ५ को सरकारको सेवा गरे बापत" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा ५ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) महालेखा परीक्षक पदमा बहाल छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको विधवा पत्नीले उपदफा (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पतिले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतीत भइसकेपछि निजको पतिको मृत्यु भएकोमा मृत्यु भएको मितिदेखि दश वर्षसम्म निजको पतिले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ।"

(८) दफा ७ को,–

(१) उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः–

"(क१) पर्व बिदा,"

(२) उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (ग १) थपिएको छः–

"(ग१) कृया बिदा"

(३) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) महालेखा परीक्षकले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहितको छ दिन भैपरी आउने बिदा र तीन दिन पर्व बिदा लिन पाउनेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) मा रहेको "१२० दिन" भन्ने शब्दहरूको सट्टा "एक सय पचास दिन" भन्ने शब्दहरू राखिएका छन् र "भैपरी आउने बिदा" भन्ने शब्दहरूपछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

(५) उपदफा (४) पछि देहायको उपदफा (४ क.) थपिएको छः–

"(४ क.) महालेखा परीक्षक आफै कृया बस्नु परेमा कुल धर्म हेरी बढीमा पन्ध्र दिनसम्म पूरा पारिश्रमिक सहितको कृया बिदा पाउनेछ ।"

(६) उपदफा (६) को शुरूमा "संवैधानिक पदमा वा" भन्ने शब्दहरू र सोही उपदफामा रहेको "सो" भन्ने शब्दपछि "पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(७) उपदफा (७) मा रहेको "भैपरी आउने बिदा" भन्ने शब्दहरूपछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

(९) दफा ७ क. को,–

(क) उपदफा (१) को,–

(१) दोश्रो हरफमा रहेका "देहायको खर्चको नब्बे प्रतिशत" भन्ने शब्दहरूको सट्टा "देहायको खर्च" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (क) मा देहायको प्रतिबन्धात्मक बाक्यांश थपिएको छः–

"तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसीस) उल्लेख भएको हुनुपर्नेछ ।"

(३) खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक बाक्यांश थपिएको छः–

"तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसीस) उल्लेख भएको हुनुपर्नेछ ।"

(ख) उपदफा (२) मा रहेको "नौ महीनाको" भन्ने शब्दहरूको सट्टा "बाह्र महीनाको" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) उपदफा (४) मा रहेको "औषधि उपचार गराए बापत" भन्ने शब्दहरू झिकिएका छन् ।

(घ) उपदफा (६) मा रहेको "पाँच वर्षको सेवा अवधि पूरा गरिसकेको" भन्ने वाक्यांश झिकिएको छ र "बील बमोजिम भएको उपचार खर्चको" भन्ने शब्दहरूपछि "नब्बे प्रतिशत" भन्ने शब्दहरू थपिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

(ङ) उपदफा (६) पछि देहायको उपदफा (६ क.) र (६ ख.) थपिएका छन्:–

"(६ क.) महालेखा परीक्षकको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा छोरी बिरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै अस्पताल भर्ना भई शल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजि[म] लागेको औषधि उपचारको खर्चको नब्बे प्रतिशत रकम उपदफा (२) बमोजिम महालेखा परीक्षकले पाउने रकममध्येबाट पाउनेछ ।

(६ ख.) उपदफा (६) र (६ क.) मा जुनसुकै कुरा लेखिएको भए तापनि महालेखा परीक्षकको सगोलको पति वा पत्नी, आमा वा बाबु कुनै संवैधानिक पदमा वा सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थानको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउनेछैन ।"

(च) उपदफा (७) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ:–

"तर निवृत्तभरण पाउने गरी सेवाबाट अवकाश पाएका महालेखा परीक्षकले त्यस्तो बाँकी भएजति पूरै रकम त्यसरी सेवाबाट अलग हुँदा एकमुष्ट लिन पाउनेछ ।"

(छ) उपदफा (७) पछि देहायका उपदफा (८), (९) र (१०) थपिएका छन्:–

"(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संवैधानिक पदमा वा सरकारी सेवा गरे बापत उपचार खर्च लिइसकेको महालेखा परीक्षकले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ ।

(९) यस दफा बमोजिम उपचार खर्च माग गर्ने महालेखा परीक्षकले कार्यालयमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ । बिरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा माग गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) यस दफा बमोजिम महालेखा परीक्षकले पाएको उपचार खर्चको विवरण महालेखा परीक्षकको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नु पर्नेछ ।"

(१०) दफा ८ क. को,–

(क) उपदफा (१) मा रहेको "भैपरी आउने बिदा" भन्ने शब्दहरू- पछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

(ख) उपदफा (२) मा रहेको "घर बिदा" भन्ने शब्दहरूपछि "बाट बढीमा एक सय बीस दिनसम्मको" भन्ने शब्दहरू थपिएका छन् ।

५. लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी ऐन, २०२६ मा संशोधन : लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी ऐन, २०२६ को,–

(१) दफा ३ को,–

(क) उपदफा (१) मा रहेको "दुई हजार दुई सय चालीस रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "दुई हजार पाँच सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेको "श्री ५ को सरकारबाट" भन्ने शब्दहरूको सट्टा "संवैधानिक पदमा वा श्री ५ को सरकारको सेवा गरे बापत" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) अध्यक्ष वा सदस्यको पदावधि समाप्त भएमा वा राजीनामा स्वीकृत भएमा वा मृत्यु भएमा निजलाई एक महीनाको पारिश्रमिक थप सुविधाको रूपमा दिइनेछ ।"

(२) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४.आवास सुविधाः (१) अध्यक्ष र सदस्यलाई आवासको निमित्त श्री ५ को सरकारबाट सरकारी घरको बन्दोबस्त हुनेछ । त्यस्तो बन्दोबस्त नभएकोमा काठमाडौं उपत्यकामा आफ्नो उपयुक्त घर नहुने अध्यक्ष र सदस्यलाई घर भाडा बापत प्रतिमास निजको मासिक पारिश्रमिकको आधा रकमसम्म दिइनेछ ।

(२) अध्यक्ष र सदस्यलाई घर र कम्पाउण्डको मरम्मत र सरसफाइ खर्च बापत प्रत्येक वर्ष निजको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ । यो सुविधा भाडाको घरमा बसेपनि दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस दफा बमोजिमको सुविधा अध्यक्ष र सदस्यलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।"

(३) दफा ४ पछि देहायको दफा ४ क. र ४ ख. थपिएका छन्:–

"४क. टेलिफोन सुविधाः अध्यक्ष र सदस्यलाई श्री ५ को सरकारको स्वामित्वमा रहने गरी टेलिफोन एक जडान गरी मासिक न्यूनतम अनिवार्य शुल्कको सुविधा दिइनेछ ।

४ख. सवारी तथा इन्धन सुविधाः (१) अध्यक्षलाई सवारीको निमित्त ड्राइभर सहितको मोटर एक, मासिक एक सय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ ।

(२) सवारीको निमित्त दुईजना सदस्यलाई ड्राइभर सहितको मोटर एक, त्रैमासिक पाँच लिटर मोबिल र प्रत्येक सदस्यलाई मासिक एक सय लिटर पेट्रोल उपलब्ध गराइनेछ ।

(३) मोटरको मरम्मत र मोटरलाई चाहिने ग्रीजको बन्दोबस्त केन्द्रीय सेवा विभागबाट हुनेछ ।"

(४) दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"५. दैनिक तथा भ्रमण भत्ताः (१) अध्यक्ष र सदस्यलाई आफ्नो ओहदा सम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः–

(क) दैनिक भत्ताः आफ्नो एक दिनको पारिश्रमिक बराबरको रकम ।

(ख) भ्रमण भत्ताः

(१) पैदल भ्रमण गर्दा अध्यक्षलाई प्रतिकोस पन्ध्र रूपैयाँ र सदस्यलाई प्रतिकोस दश रूपैयाँ । यो दर प्रत्येक आर्थिक वर्षमा दश प्रतिशतका दरले वृद्धि हुनेछ ।

(२) बसबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा ।

(३) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(४) हवाईजहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने टिकट खर्च ।

(५) अन्य सवारी साधनबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा ।

४९६

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अध्यक्ष र सदस्यलाई आफ्नो ओहदासम्बन्धी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्य-बाहिर भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

(क) दैनिक भत्ताः आफ्नो मासिक पारिश्रमिकको पचास प्रतिशत रकम बराबरको विदेशी मुद्रा ।

तर त्यसरी पाउने दैनिक भत्ता एक सय अमेरिकी डलर भन्दा घटी हुने भएमा एक सय अमेरिकी डलर दैनिक भत्ता पाउनेछ ।

(ख) भ्रमण भत्ताः

(१) मोटरबाट भ्रमण गर्दा बील बमोजिमको मोटर भाडा ।

(२) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(३) हवाईजहाजबाट भ्रमण गर्दा नियमित सेवामा एकजनालाई लाग्ने इकोनोमी दर्जाको टिकट खर्च ।

(४) जलमार्गबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बील बमोजिमको खर्च ।

(३) अध्यक्ष र सदस्यले नेपाल अधिराज्यबाहिर औपचारिक रूपमा विदेशी राष्ट्रको अतिथिको रूपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा रहुन्जेलसम्म उपदफा (२) को खण्ड (क) बमोजिम पाउने दैनिक भत्ताको आधाका दरले मात्र दैनिक भत्ता पाउनेछ ।"

(५) दफा ५ पछि देहायको दफा ५ क, ५ ख, ५ ग, ५ घ र ५ ङ थपिएका छन्:-

"५क. बीमा खर्चः अध्यक्ष र सदस्यले हवाईजहाजबाट भ्रमण गर्दा दुई लाख रुपैयाँको बीमा खर्च पाउनेछ ।

५ख. विदेशी मुद्रा सटही र भन्सार सुविधाः (१) अध्यक्ष र सदस्यलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको एक-तिहाई रकम बराबरको विदेशी मद्रा सटही सुविधा दिइनेछ ।

(२) अध्यक्ष र सदस्यलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको पच्चीस प्रतिशत बराबर मूल्यको सामानमा भन्सार छूट दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस दफा बमोजिमको सुविधा अध्यक्ष र सदस्यलाई विदेश भ्रमण गरेमा मात्र दिइनेछ ।

५ग. लुगा भत्ताः (१) अध्यक्ष र सदस्यले आफ्नो ओहदा सम्बन्धी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्यबाहिर जाँदा तीन वर्षमा एक पटक आफ्नो एक महीनाको पारिश्रमिक बराबरको रकम लुगा भत्ता बापत पाउनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल अधिराज्यबाहिर जाँदा अध्यक्ष र सदस्यले आफ्नो श्रीमती समेत साथमा लैजाने स्वीकृति पाएमा श्रीमतीको लागि आफ्नो एक महीनाको पारिश्रमिकको आधा रकम तीन वर्षमा एक पटक लुगा भत्ता बापत पाउनेछ ।

५ घ. नेता भत्ताः अध्यक्ष र सदस्यले नेताको रूपमा विदेशमा जाँदा आफूले पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत थप नेता भत्ता बापत पाउनेछ ।

तर श्री ५ को सरकारले तोकेको अवस्थामा बाहेक एक सदस्यीय प्रतिनिधिमण्डल जाँदा नेता भत्ता दिइनेछैन ।

५ ङ. भैपरी आउने खर्चः अध्यक्ष र सदस्यले अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन जाँदा श्री ५ को सरकारले निर्णय गरे बमोजिमको रकम भैपरी आउने खर्च बापत पाउनेछ ।

तर त्यस्तो खर्चको बील भरपाई बुझाउनु पर्नेछ ।"

(६) दफा ६ को,–

(क) उपदफा (१) को खण्ड (क) मा रहेको "आठ सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "आफ्नो मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) को शुरूमा "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(ग) उपदफा (२) को खण्ड (क) मा रहेको "काम गरेको अवधिमा" भन्ने शब्दहरूपछि "संवैधानिक पदमा गरेको सेवाअवधि र" भन्ने शब्दहरू थपिएका छन् र "आठ सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "आफ्नो मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(घ) उपदफा (२) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "अघि" भन्ने शब्दपछि "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

४३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) उपदफा (३) को शुरूमा र सोही उपदफामा रहेको "निजको" भन्ने शब्दपछि "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(च) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः–

"(४) यस दफा बमोजिम अध्यक्ष वा सदस्यले पाउने उपदानको रकम निजको बाह्र महीनाको पारिश्रमिकभन्दा बढी हुनेछैन ।"

(छ) उपदफा (५) मा रहेको "श्री ५ को सरकारबाट" भन्ने शब्दहरूको सट्टा "संवैधानिक पदमा वा श्री ५ को सरकारको सेवा गरे बापत" भन्ने शब्दहरू राखिएका छन् ।

(७) दफा ६ क. को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) अध्यक्ष वा सदस्य पदमा बहाल छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको विधवा पत्नीले उपदफा (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पतिले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतीत भई सकेपछि निजको पतिको मृत्यु भएकोमा मृत्यु भएको मितिदेखि दश वर्षसम्म निजको पतिले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।"

(८) दफा ७ को,–

(१) उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१.) थपिएको छः–

"(क१) पर्व बिदा,"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) सदस्यले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहितको छ दिन भैपरी आउने बिदा र तीन दिन पर्व बिदा लिन पाउनेछ ।"

(३) उपदफा (३) मा रहेको "बाह्र दिनको" भन्ने शब्दहरूको सट्टा "एघार दिनको" भन्ने शब्दहरू र "१२० दिन" भन्ने शब्दहरूको सट्टा "एक सय पचास दिन" भन्ने शब्दहरू राखिएका छन् र "भैपरी आउने बिदा" भन्ने शब्दहरूपछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

(४) उपदफा (७) को शुरूमा "संवैधानिक पदमा वा" भन्ने शब्दहरू र सोही उपदफामा रहेको "सो" भन्ने शब्दपछि "पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(५) उपदफा (८) मा रहेको "भैपरी आउने बिदा" भन्ने शब्दहरूपछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) दफा ७ क. को,–

(क) उपदफा (१) को,–

(१) दोस्रो हरफमा रहेका "देहायको खर्चको नब्बे प्रतिशत" भन्ने शब्दहरूको सट्टा "देहायको खर्च" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (क) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसीस) उल्लेख भएको हुनुपर्नेछ।"

(३) खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्याँश थपिएको छः

"तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसीस) उल्लेख भएको हुनुपर्नेछ ।"

(ख) उपदफा (२) मा रहेको "नौ महीनाको" भन्ने शब्दहरूको सट्टा "बाह्र महीनाको" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) उपदफा (४) मा रहेको "औषधोपचार गराए बापत" भन्ने शब्दहरू झिकिएका छन् ।

(घ) उपदफा (६) मा रहेको "सदस्य वा अध्यक्षको पदमा गरी जम्मा पाँच वर्षको सेवाअवधि पूरा गरिसकेको" भन्ने वाक्यांश झिकिएको छ र "बील बमोजिम भएको उपचार खर्चको" भन्ने शब्दहरूपछि नब्बे प्रतिशत" भन्ने शब्दहरू थपिएका छन् ।

(ङ) उपदफा (६) पछि देहायको उपदफा (६क) र (६ख) थपिएका छन्ः–

"(६क) अध्यक्ष वा सदस्यको सगोलको पति वा पत्नी, आमा, बाबु, वा नाबालक छोरा छोरी बिरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै अस्पताल भर्ना भई शल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम लागेको औषधि उपचारको खर्चको नब्बे प्रतिशत रकम उपदफा (२) बमोजिम अध्यक्ष वा सदस्यले पाउने रकममध्येबाट पाउनेछ ।

(६ख) उपदफा (६) र (६क) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा सदस्यको सगोलको पति वा पत्नी, आमा वा बाबु कुनै संवैधानिक पदमा वा सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थानको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउनेछैन ।"

(च) उपदफा (७) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

२०० 

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर निवृत्तभरण पाउने गरी सेवाबाट अवकाश पाएका अध्यक्ष वा सदस्यले त्यस्तो बाँकी भए जति पूरै रकम त्यसरी सेवाबाट अलग हुँदा एकमुष्ट लिन पाउनेछ ।"

(छ) उपदफा (७) पछि देहायका उपदफा (८), (९) र (१०) थपिएका छन्:–

"(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संवैधानिक पदमा वा सरकारी सेवा गरे बापत उपचार खर्च लिई सकेको अध्यक्ष वा सदस्यले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ ।

(९) यस दफा बमोजिम उपचार खर्च माग गर्ने अध्यक्ष वा सदस्यले कार्यालयमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ । बिरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा माग गर्न सक्नेछ ।

(१०) यस दफा बमोजिम अध्यक्ष वा सदस्यले पाएको उपचार खर्चको विवरण अध्यक्ष वा सदस्यको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नु पर्नेछ ।"

(१०) दफा ७ ख. को,–

(क) उपदफा (१) मा रहेको "भैपरी आउने बिदा" भन्ने शब्दहरूपछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

(ख) उपदफा (२) मा रहेको "घर बिदा" भन्ने शब्दहरूपछि "बाट बढीमा एक सय बीस दिनसम्मको" भन्ने शब्दहरू थपिएका छन् ।

६. निर्वाचन आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधा सम्बन्धी ऐन, २०२६ मा संशोधनः निर्वाचन आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधा सम्बन्धी ऐन, २०२६ को,–

(१) दफा ४ को,–

(क) उपदफा (१) मा रहेको "दुई हजार दुई सय चालीस रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "दुई हजार पाँच सय रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेको "श्री ५ को सरकारबाट" भन्ने शब्दहरूको सट्टा "संवैधानिक पदमा वा श्री ५ को सरकारको सेवा गरे बापत" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) निर्वाचन आयुक्तको पदावधि समाप्त भएमा वा राजीनामा स्वीकृत भएमा वा मृत्यु भएमा निजलाई एक महीनाको पारिश्रमिक थप सुविधाको रूपमा दिइनेछ ।"

(२) दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"५. आवास सुविधाः (१) निर्वाचन आयुक्तलाई आवासको निमित्त श्री ५ को सरकारबाट सरकारी घरको बन्दोबस्त हुनेछ । त्यस्तो बन्दोबस्त नभएकोमा काठमाडौं उपत्यकामा आफ्नो उपयुक्त घर नहुने निर्वाचन आयुक्तलाई घर भाडा बापत प्रतिमास निजको मासिक पारिश्रमिकको आधा रकमसम्म दिइनेछ ।

(२) निर्वाचन आयुक्तलाई घर र कम्पाउण्डको मरम्मत र सरसफाइ बापत प्रत्येक वर्ष निजको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ। यो सुविधा भाडाको घरमा बसेपनि दिइनेछ ।

(३) यस दफा बमोजिमको सुविधा निर्वाचन आयुक्तलाई निजको कार्यकाल समाप्त भएको मितिले सातदिनसम्म दिइनेछ ।"

(३) दफा ५ पछि देहायको दफा ५क. र ५ख. थपिएका छन्ः–

"५ क. टेलिफोन सुविधाः निर्वाचन आयुक्तलाई श्री ५ को सरकारको स्वामित्वमा रहने गरी टेलिफोन एक जडान गरी मासिक न्यूनतम अनिवार्य शुल्कको सुविधा दिइनेछ ।

५ख. सवारी तथा इन्धन सुविधाः (१) प्रमुख निर्वाचन आयुक्तलाई सवारीको निमित्त ड्राइभर सहितको मोटर एक, मासिक एकसय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ ।

(२) सवारीको निमित्त दुईजना निर्वाचन आयुक्तलाई ड्राइभर सहितको मोटर एक, त्रैमासिक पाँच लिटर मोबिल र प्रत्येक निर्वाचन आयुक्तलाई मासिक एक सय लिटर पेट्रोल उपलब्ध गराइनेछ ।

(३) मोटरको मरम्मत र मोटरलाई चाहिने ग्रीजको बन्दोबस्त केन्द्रीय सेवा विभागबाट हुनेछ ।"

(४) दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६. दैनिक तथा भ्रमण भत्ताः (१) निर्वाचन आयुक्तलाई आफ्नो ओहदा सम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछः–

(क) दैनिक भत्ताः आफ्नो एक दिनको पारिश्रमिक बराबरको रकम ।

402
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ख) भ्रमण भत्ताः

(१) पैदल भ्रमण गर्दा प्रमुख निर्वाचन आयुक्तलाई प्रतिकोस पन्ध्र रूपैयाँ र निर्वाचन आयुक्तलाई प्रतिकोस दश रूपैयाँ । यो दर प्रत्येक आर्थिक वर्षमा दश प्रतिशतको दरले वृद्धि हुनेछ ।

(२) बसबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा ।

(३) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(४) हवाईजहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने टिकट खर्च ।

(५) अन्य सवारी साधनबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा ।

(२) निर्वाचन आयुक्तलाई आफ्नो ओहदा सम्बन्धी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्यबाहिर भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ :–

(क) दैनिक भत्ता : आफ्नो मासिक पारिश्रमिकको पचास प्रतिशत रकम बराबरको विदेशी मुद्रा ।

तर त्यसरी पाउने दैनिक भत्ता एक सय अमेरिकी डलर भन्दा घटी हुने भएमा एक सय अमेरिकी डलर दनिक भत्ता पाउनेछ ।

(ख) भ्रमण भत्ता :

(१) मोटरबाट भ्रमण गर्दा बील बमोजिमको मोटर भाडा ।

(२) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(३) हवाईजहाजबाट भ्रमण गर्दा नियमित सेवामा एकजनालाई लाग्ने इकोनोमी दर्जाको टिकट खर्च ।

(४) जलमार्गबाट भ्रमणगर्दा एकजनालाई लाग्ने बील बमोजिमको खर्च ।

(३) निर्वाचन आयुक्तले नेपाल अधिराज्यबाहिर औपचारिक रूपमा विदेशी राष्ट्रको अतिथिको रूपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा रहन्जेलसम्म उपदफा (२) को खण्ड (क) बमोजिम पाउने दैनिक भत्ताको आधाका दरले मात्र दैनिक भत्ता पाउनेछ ।"

(५) दफा ६ पछि देहायको दफा ६क, ६ख, ६ग, ६ घ, र ६ङ थपिएका छन्:–

"६क. बीमा खर्चः निर्वाचन आयुक्तले हवाईजहाजबाट भ्रमण गर्दा दुई लाख रूपैयाँको बीमा खर्च पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६ख. विदेशी मुद्रा सटही र भन्सार सुविधा : (१) निर्वाचन आयुक्तलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको एक तिहाई रकम बराबरको विदेशी मुद्रा सटही सुविधा दिइनेछ ।

(२) निर्वाचन आयुक्तलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको पच्चीस प्रतिशत बराबर मूल्यको सामानमा भन्सार छूट दिइनेछ ।

(३) यस दफा बमोजिमको सुविधा निर्वाचन आयुक्तलाई विदेश भ्रमण गरेमा मात्र दिइनेछ ।

६ग. लुगा भत्ता: (१) निर्वाचन आयुक्तले आफ्नो ओहदा सम्बन्धी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल अधिराज्यबाहिर जाँदा तीन वर्षमा एक पटक आफ्नो एक महीनाको पारिश्रमिक बराबरको रकम लुगा भत्ता बापत पाउनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल अधिराज्यबाहिर जाँदा निर्वाचन आयुक्तले आफ्नो श्रीमती समेत साथमा लैजाने स्वीकृति पाएमा श्रीमतीको लागि आफ्नो एक महीनाको पारिश्रमिकको आधा रकम तीन वर्षमा एक पटक लुगा भत्ता बापत पाउनेछ ।

६घ. नेता भत्ता : निर्वाचन आयुक्तले नेताको रूपमा विदेशमा जाँदा आफूले पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत थप नेता भत्ता बापत पाउनेछ ।

तर श्री ५ को सरकारले तोकेको अवस्थामा बाहेक एक सदस्यीय प्रतिनिधिमण्डल जाँदा नेता भत्ता दिइनेछैन ।

६ङ. भैपरी आउने खर्च: निर्वाचन आयुक्तले अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, आदिमा भाग लिन जाँदा श्री ५ को सरकारले निर्णय गरेबमोजिमको रकम भैपरी आउने खर्च बापत पाउनेछ ।

तर त्यस्तो खर्चको बील भरपाई बुझाउनु पर्नेछ ।"

(६) दफा ७ को,–

(क) उपदफा (१) को खण्ड (क)मा रहेको "आठ सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "आफ्नो मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) को शुरूमा "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(ग) उपदफा (२) को खण्ड (क)मा रहेको "सेवाअवधिमा निजले" भन्ने शब्दहरूपछि "संवैधानिक पदमा गरेको सेवाअवधि र" भन्ने

४०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शब्दहरू थपिएका छन् र "आठ सय रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "आफ्नो मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(घ) उपदफा (२) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "अघि" भन्ने शब्दपछि "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(ङ) उपदफा (३) को पहिलो र तेस्रो हरफमा रहेको "श्री ५ को सरकारको" भन्ने शब्दहरूको अगाडि "संवैधानिक पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(च) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः–

"(४) यस दफा बमोजिम निर्वाचन आयुक्तले पाउने उपदानको रकम निजको बाह्र महीनाको पारिश्रमिकभन्दा बढी हुनेछन ।"

(छ) उपदफा (५) मा रहेको "श्री ५ को सरकारबाट" भन्ने शब्दहरूको सट्टा "संवैधानिक पदमा वा श्री ५ को सरकारको सेवा गरे बापत" भन्ने शब्दहरू राखिएका छन् ।

(७) दफा ७क. को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) निर्वाचन आयुक्त पदमा बहाल छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको विधवा पत्नीले उपदफा (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पतिले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतीत भई सकेपछि निजको पतिको मृत्यु भएकोमा मृत्यु भएको मितिदेखि दश वर्षसम्म निजको पतिले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।"

(८) दफा ८ को,–

(१) उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः–

"(क१) पर्व बिदा,"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) निर्वाचन आयुक्तले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहितको छ दिन भैपरी आउने बिदा र तीन दिन पर्व बिदा लिन पाउनेछ ।"

(३) उपदफा (३) मा रहेको "बाह्र दिनको" भन्ने शब्दहरूको सट्टा "एघार दिनको" भन्ने शब्दहरू र "१२० दिन" भन्ने शब्दहरूको सट्टा "एक सय पचास दिन" भन्ने शब्दहरू राखिएका छन् र "भैपरी आउने बिदा" भन्ने शब्दहरूपछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

202

(४) उपदफा (७) को शुरूमा "संवैधानिक पदमा वा" भन्ने शब्दहरू र सोही उपदफामा रहेको "सो" भन्ने शब्दपछि "पदमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

(६) दफा ८ क. को:–

(क) उपदफा (१) को:–

(१) दोश्रो हरफमा रहेको "देहायको खर्चको नब्बे प्रतिशत" भन्ने शब्दहरूको सट्टा "देहायको खर्च" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (क) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:–

"तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसीस) उल्लेख भएको हुनु पर्नेछ ।"

(३) खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:–

"तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसीस) उल्लेख भएको हुन पर्नेछ ।"

(ख) उपदफा (२) मा रहेको "नौ महीनाको" भन्ने शब्दहरूको सट्टा "बाह्र महीनाको" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) उपदफा (४) मा रहेको "औषधि उपचार गराए बापत" भन्ने शब्दहरू झिकिएका छन् ।

(घ) उपदफा (६) मा रहेको "निर्वाचन आयुक्त वा प्रमुख निर्वाचन आयुक्तको पदमा गरी जम्मा पाँच वर्षको सेवाअवधि पूरा गरी सकेको" भन्ने वाक्यांश झिकिएको छ र "बीलबमोजिम भएको उपचार खर्चको" भन्ने शब्दहरूपछि "नब्बे प्रतिशत" भन्ने शब्दहरू थपिएका छन् ।

(ङ) उपदफा (६) पछि देहायको उपदफा (६क) र (६ख) थपिएका छन्:–

"(६क) निर्वाचन आयुक्तको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा छोरी बिरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै अस्पताल भर्ना भई शल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम लागेको औषधि उपचारको खर्चको नब्बे प्रतिशत रकम उपदफा (२) बमोजिम निर्वाचन आयुक्तले पाउने रकममध्येबाट पाउनेछ ।

(६ख) उपदफा (६) र (६क) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन आयुक्तको सगोलको पति वा पत्नी, आमा वा बाबु कुनै संवैधानिक पदमा वा सरकारी सेवामा वा सरकारी स्वामित्व

४०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा नियन्त्रण भएको संस्थानको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउनेछैन ।"

(च) उपदफा (७) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

"तर निवृत्तभरण पाउने गरी सेवाबाट अवकाश पाएको निर्वाचन आयुक्तले त्यस्तो बाँकी भएजति पूरै रकम त्यसरी सेवाबाट अलग हुँदा एकमुष्ट लिन पाउनेछ ।"

(छ) उपदफा (७) पछि देहायका उपदफा (८), (९) र (१०) थपिएका छन्:–

"(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संवैधानिक पदमा वा सरकारी सेवा गरे बापत उपचार खर्च लिई सकेको निर्वाचन आयुक्तले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ ।

(९) यस दफा बमोजिम उपचार खर्च माग गर्ने निर्वाचन आयुक्तले कार्यालयमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ । बिरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा माग गर्न सक्नेछ ।

(१०) यस दफा बमोजिम निर्वाचन आयुक्तले पाएको उपचार खर्चको विवरण निर्वाचन आयुक्तको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नु पर्नेछ ।"

(१०) दफा ९ को उपदफा (१) मा रहेको "भैपरी आउने बिदा" भन्ने शब्दहरूपछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

(११) दफा ११ को,–

(क) उपदफा (१) मा रहेको "भैपरी आउने बिदा" भन्ने शब्दहरूपछि "र पर्व बिदा" भन्ने शब्दहरू थपिएका छन् ।

(ख) उपदफा (२) मा रहेको "घर बिदा" भन्ने शब्दहरूपछि "बाट बढीमा एक सय बीस दिनसम्मको" भन्ने शब्दहरू थपिएका छन् ।

**७. प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त ऐन, २०२६ मा संशोधनः**

प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त ऐन, २०२६ को,–

(१) दफा ७ मा रहेको "रू. २,५९०।– (दुई हजार पाँच सय नब्बे)" भन्ने शब्दहरूको सट्टा "दुई हजार सात सय नब्बे रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा ९ को,–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उपदफा (१) मा रहेको "आठ सय रूपैयाँका दरले" भन्ने शब्दहरूको सट्टा "आफ्नो मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) को खण्ड (ख) मा रहेको "मासिक आठ सय रूपैयाँका दरले" भन्ने शब्दहरूको सट्टा "उपदफा (१) बमोजिमको रकम" भन्ने शब्दहरू राखिएका छन् ।

८. न्याय प्रशासन सुधार ऐन, २०३१ मा संशोधनः न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १८ को उपदफा (१) मा रहेको "दुई हजार दुई सय चालीस रूपैयाँ" तथा "दुई हजार रूपैयाँ" भन्ने शब्दहरूको सट्टा क्रमशः "दुई हजार चार सय चालीस रूपैयाँ" तथा "दुई हजार दुई सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

९. बचाउः यो ऐन प्रारम्भ हुनुभन्दा अघि यस ऐनमा उल्लेखित संवैधानिक अङ्ग तथा अन्य निकायका पदाधिकारीहरूले यस ऐन बमोजिमका सुविधाहरू पाएको रहेछ भने त्यस्तो सुविधाहरू सो पदाधिकारीहरूले यसै ऐन बमोजिम पाएको मानिनेछ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः— २०४०।७।१३।१

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

४०८

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।